# सञ्चार तथा सूचना प्रविधि मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारी र सदस्यहरुको नियुक्ति एवं मनोनयन सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०७७

नेपाल सरकार (माननीय मन्त्रीस्तर) बाट स्वीकृत मिति २०७७/११/१७

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारीहरु नियुक्ति र मनोनयन सम्बन्धी मापदण्ड, २०७३ को दफा १४ मा व्यवस्था भएबमोजिम सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले यो कार्यविधि बनाई लागू गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यो कार्यविधिको नाम "सञ्चार तथा सूचना प्रविधि मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारीहरुको र सदस्यहरुको नियुक्ति एवं मनोनयन सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०७७" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त लागू हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) "मन्त्रालय" भन्नाले सञ्चार तथा सूचना प्रविधि मन्त्रालयलाई सम्झनु पर्दछ ।

(ख) "मापदण्ड" भन्नाले सञ्चार तथा सूचना प्रविधि मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारीहरुको नियुक्ति र मनोनयन सम्बन्धी मापदण्ड, २०७३" लाई सम्झनु पर्दछ ।

(ग) "सार्वजनिक निकाय" भन्नाले सञ्चार तथा सूचना प्रविधि मन्त्रालय सम्बद्ध काउन्सिल, प्राधिकरण, कम्पनी, संस्थान समिति, बोर्ड समेतलाई सम्झनु पर्दछ ।

(घ) "पदाधिकारी" भन्नाले सञ्चार तथा सूचना प्रविधि मन्त्रालय सम्बद्ध सार्वजनिक निकायहरुमा नियुक्त वा मनोनयन व तोकिने कार्यकारी अधिकार सहितको अध्यक्ष वा कार्यकारी प्रमुख सम्झनु पर्दछ ।

(ङ) "सदस्य" भन्नाले सञ्चार तथा सूचना प्रविधि मन्त्रालय सम्बद्ध सार्वजनिक निकायहरुमा नियुक्त वा मनोनयन हुने व तोकिने सदस्य सम्झनु पर्दछ ।

(च) "समिति" भन्नाले दफा ३ बमोजिमको सिफारिस समिति सम्झनु पर्दछ ।

३. समितिको गठनः (१) मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारीहरुको नियुक्ति वा मनोनयन हुने वा तोकिने प्रयोजनका लागि मन्त्रालय समक्ष सिफारिस गर्ने देहाय बमोजिमको एक सिफारिस समितिको गठन गरिनेछः-

(क) मन्त्रालयको प्रशासन तथा योजना महाशाखा प्रमुख -संयोजक

(ख) मन्त्रालयले तोकेको सम्बन्धित विषयको विज्ञ एक जना -सदस्य

(ग) मन्त्रालयको संस्थान समन्वय शाखा प्रमुख -सदस्य सचिव

(२) सिफारिस समितिले आफ्नो बैठकमा आवश्यकतानुसार सम्बन्धित विज्ञलाई आमन्त्रण गर्न सक्नेछ ।

(३) सिफारिस समितिको सचिवालयको रूपमा मन्त्रालयको संस्थान समन्वय शाखाले काम गर्नेछ ।

(४) समितिले आवश्यकता अनुसार आफ्नो कार्यविधि आफै निर्धारण गर्न सक्नेछ ।

४. काम, कर्तव्य र अधिकारः समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) मन्त्रालय सम्बद्ध पदाधिकारीहरुको पदपूर्तिको लागि आवेदन माग गर्ने,

(ख) आवेदकहरुको शैक्षिक योग्यता, कार्य अनुभव, विज्ञता र शैक्षिक योग्यताको छानविन गरी सूची प्रकाशित गर्ने,

(ग) सूचीका आवेदकहरुलाई आफ्नो कार्ययोजना प्रस्तुतीकरण गराउने,

(घ) सूचीका आवेदकहरुसँग अन्तर्वार्ता लिने,

नेपाल सरकार सञ्चार तथा सूचना प्रविधि मन्त्रालय सिंहदरवार, काठमाडौं २०७४

हरिप्रसाद बस्याल सचिव

२११८३ राधिका अर्याल सचिव

(ङ) योग्यताक्रमका आधारमा बढीमा ३ जना सम्मको नाम नियुक्तिको लागि मन्त्रालयमा सिफारिस गर्ने ।

५. <u>आवेदन माग गर्ने:</u> (१) मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारीहरुको नियुक्ति वा मनोनयनको लागि उम्मेद्वारहरुबाट आवेदन लिन समितिले कम्तीमा ७ (सात) दिनको म्याद दिई राष्ट्रियस्तरको दैनिक पत्रिका र मन्त्रालयको सूचना पाटीमा सूचना प्रकाशन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सूचना प्रकाशन भएकोमा योग्यता पुगेको व्यक्तिले देहायको विवरण खुलाई प्रमाणित कागजात सहित मन्त्रालय समक्ष आवेदन दिन सक्नेछ ।

(क) नियुक्त हुन चाहेको व्यहोरा खुल्ने आवेदन,

(ख) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(ग) व्यक्तिगत विवरण,

(घ) निवेदकले प्राप्त गरेका शैक्षिक योग्यताका प्रमाण पत्रको प्रतिलिपि,

(ङ) अनुभव खुल्ने प्रमाणपत्रको प्रतिलिपि,

(च) पाँच पृष्ठ सम्मको सिलबन्दी व्यवसायिक कार्ययोजना,

(च) हालसालै खिचेको दुई प्रति फोटो,

(छ) दरखास्त दिने पदसँग सम्बन्धित अन्य कुनै कागजात भए सो को प्रतिलिपि ।

(ज) कुनै विदेशी मुलुकको स्थायी आवासीय अनुमतिपत्र नलिएको स्वघोषणा ।

(३) उपदफा (१) बमोजिम सूचना प्रकाशन गर्दा पदाधिकारी छनौटको मूल्याङ्कनको आधार समेत खुलाउनु पर्नेछ ।

६. <u>आवेदनको छानविन र उम्मेदवारहरुको सूची प्रकाशन:</u> (१) समितिले प्राप्त आवेदनहरु मापदण्ड र कार्यविधि बमोजिम भए नभएको छानविन गर्नेछ ।

(२) समितिले रितपूर्वकका आवेदनहरुको आधारमा आवेदकहरुको नामावली आवेदन दिने अन्तिम म्याद सकिएको मितिले सात दिन भित्र प्रकाशन गरी सक्नु पर्नेछ ।

७. <u>उम्मेद्वार मूल्याङ्कनको अंकभार र छनौट:</u> (१) समितिले उम्मेद्वारको व्यावसायिक कार्ययोजना, कार्ययोजनाको प्रस्तुतिकरण र अन्तर्वार्ताको आधारमा मूल्यांकन गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको मूल्यांकनको अंकभार देहाय बमोजिम हुनेछ ।

| | |
|---|---|
| (क) व्यावसायिक कार्ययोजनाको लागि | ४० अङ्क, |
| (ख) व्यावसायिक कार्ययोजनाको प्रस्तुतिकरणको लागि | ३० अङ्क, |
| (ग) अन्तर्वार्ताको लागि | ३० अङ्क, |

(३) व्यावसायिक कार्ययोजना, प्रस्तुतिकरण र अन्तर्वार्ता बापतको अङ्क समितिका संयोजक तथा सदस्यले व्यक्तिगत रुपमा दिई औषत हिसाब गरी प्राप्ताङ्क कायम गर्नु पर्नेछ ।

(४) समितिले अङ्क प्रदान गर्दा अधिकतम सत्तरी प्रतिशत भन्दा बढी र न्यूनतम चालीस प्रतिशत भन्दा घटी दिँदा कारण खुलाउनु पर्नेछ ।

८. <u>नियुक्तिको लागि सिफारिस गर्ने:</u> (१) सबैभन्दा बढी अङ्क प्राप्त गर्ने बढीमा ३ जना उम्मेद्वारलाई समितिले नियुक्तिको लागि मन्त्रालय समक्ष सिफारिस गर्नेछ ।

(२) मन्त्रालयले समितिको सिफारिस बमोजिम निर्णयका लागि नेपाल सरकार समक्ष प्रस्ताव पेश गर्नेछ ।

राधिका अर्याल
सचिव

९. <u>नियुक्ति गर्ने:</u> मन्त्रालयले नेपाल सरकारबाट नियुक्तिको निर्णय भएका व्यक्तिलाई सम्बद्ध सार्वजनिक निकायका पदाधिकारीको पदमा नियुक्ति पत्र प्रदान गर्नेछ ।

१०. <u>सदस्य पदका लागि आवेदन दिने:</u> (१) मन्त्रालय सम्बद्ध सार्वजनिक निकायमा रिक्त कार्यकारी अधिकार नहुने अध्यक्ष वा सदस्य पदमा नियुक्ति वा मनोनयन गर्न योग्यता पुगेको व्यक्तिले मन्त्रालयमा नियुक्ति वा मनोनयनका लागि आवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिने आवेदनमा देहाय बमोजिम विवरण र प्रमाणित कागजात संलग्न गर्नु पर्नेछ

(क) नियुक्ति वा मनोनयन हुन चाहेको व्यहोरा खुल्ने आवेदन,

(ख) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(ग) व्यक्तिगत विवरण,

(घ) निवेदकले प्राप्त गरेका शैक्षिक योग्यताका प्रमाणपत्रको प्रतिलिपि,

(ङ) अनुभव खुल्ने प्रमाणपत्रको प्रतिलिपि,

(च) हालसालै खिचेको दुई प्रति फोटो,

(छ) दरखास्त दिने पदसँग सम्बन्धित अन्य कुनै कागजात भए सो को प्रतिलिपि,

(ज) कुनै विदेशी मुलुकको स्थायी आवासीय अनुमतिपत्र नलिएको स्वघोषणा ।

११. <u>नियुक्ति वा मनोनयन गर्ने:</u> मन्त्रालयले दफा १० बमोजिम प्राप्त आवेदन र कागजात मूल्याङ्कन गरी योग्यता पुगेको व्यक्तिलाई सदस्यको पदमा नियुक्त वा मनोनयनको निर्णय गरी पत्र प्रदान गर्नेछ ।

१२. <u>बहालवाला कर्मचारीले राजिनामा दिनुपर्ने:</u> (१) मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारीहरुका पदमा नियुक्त भएको व्यक्ति कुनै सरकारी कार्यालय वा सरकारी स्वामित्व भएको आयोग, प्रतिष्ठान, संस्थान, कम्पनी, बोर्ड, प्राधिकरण, समिति वा यस्तै प्रकृतिको निकायको बहालवाला कर्मचारी भए त्यस्तो व्यक्तिले नियुक्ति पत्र बुझ्नु भन्दा पहिला राजीनामा दिई सो निकायको सेवाबाट अलग हुनुपर्नेछ ।

(२) मापदण्डको दफा (४) को उपदफा (३) मा व्यवस्था भएकोमा बाहेक मन्त्रालय सम्बद्ध काउन्सिल, प्राधिकरण संस्थान, समिति, बोर्ड समेतका कर्मचारीलाई उक्त निकायका सदस्य पदमा नियुक्ति वा मनोनयन गरिने छैन ।

१३. <u>बाझिएमा गर्ने:</u> यस कार्यविधिमा उल्लेख भएको कुनै कुरा प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म प्रचलित कानूनको व्यवस्था नै मान्य हुनेछ ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं
२०७४

सचिव

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं

राधिका अर्याल
सचिव